# धनपालथान गाउँपालिकाको आठौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री हरिलाल सिंह ज्यूबाट प्रस्तुत

## आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोरभाग, मोरङ्ग
प्रदेश नं. १

आजको यस गरिमामयी सभाका आदरणीय प्रमुख अतिथि ज्यू, विशिष्ट अथिति ज्युहरु, अथिति ज्यूहरु, यस गाउँपालिकाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, गाउँ सभाका सम्पूर्ण सदस्य ज्युहरु, विभिन्न राजनितिक दलबाट पाल्नु भएका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, सुरक्षा निकायका साथै विभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, यहाँ उपस्थित रहनु भएका विशिष्ट व्यक्तित्वहरु, विभिन्न ओहदामा रहनु भएका हाम्रा कर्मचारी साथीहरु, उपस्थित पत्रकार मित्रहरु, उपस्थित क्याम्पस प्रमुख ज्यू, प्र.अ. ज्युहरु, शिक्षक साथीहरु लगायत सम्पूर्ण साथीहरुमा अन्तरहृदय देखि हार्दिक अभिबादन गर्दछु ।

प्रथमत प्रजातन्त्र प्राप्ति हुदै लोकतन्त्र प्राप्ति सम्मको विभिन्न राजनैतिक अभियान एवम् आन्दोलनहरुमा आफूलाई आहुति गर्ने ज्ञात अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन प्रकट गर्दै सगौरब स्मरण गर्न चाहन्छु । साथै अंग भंग हुनभएका परिवारजन गुमाई पिडामा रहनु भएका परिवार जन प्रति उच्च समान प्रकट गर्दै विभिन्न प्राकृतिक विपतहरुमा ज्यान गुमाउनु भएका, जन धन क्षति भई विस्थापित जीवन विताउन बाध्य हुनुभएका परिवार जनहरु प्रति गहिरो दुख प्रकट गर्दै नेपाल र नेपालीलाई जहानिया राणा शासन, एकदलिय पञ्चायति व्यस्थाको अन्त्य गरि संघियता सहितको अधिकार सम्पन्न स्थानिय सरकारको स्थापनार्थ नेतृत्व गर्नु हुने हाम्रा अग्रज नेता र नेतृत्व प्रति हार्दिक नमन गर्न चाहन्छु ।

हामी निर्वाचित भए पश्चातको यस आठौं गाउँसभामा आफ्ना निति तथा कार्यक्रम प्रस्तुत गरिरहदा हामी अनविज्ञ थिएनौं । हामीले धनपालथानबासी आम नागरिकको आर्थिक स्तर अभिवृद्धि गर्न परम्परागत पेशागत घनत्वको आधारमा पकेट जोन निर्धारण गरी गाउँपालिका भित्रका सातैवटा वडालाई सन्तुलित विकास गर्न मत्स्य पालन जोन, मकै उखु जोन, धान उत्पादन एवम् गहुँ उत्पादनको घनत्वको आधारमा धान गहुँ जोन, कृषकले उत्पादन गरेको फसलहरुको न्युनतम मूल्य निर्धारण गरी खरिद गर्ने सुनिश्चिता परम्परागत कृषि प्रणालीको अन्त्य गरी आधुनिक प्रविधि सहितको कृषि व्यवसायको विकास, उन्नत वीउ विजन उत्पादन र एकृत भण्डारणको व्यवस्था, पशुपन्क्षी जोन, सिमसार सम्बर्धन एवम् प्रर्यटन जोन, सुविधा सम्पन्न एकिकृत वस्ती विकास जोन, प्रविधि एवम् सीप युक्त जनशक्तिका विकास गर्न शैक्षिक जोन, धार्मिक एवम् सांस्कृतिक विकासका लागि जातजातिको आत्मगौरव झल्किने जातिय संग्रालय सहितको धनपालथान महाराजको मन्दिर परिसरमा ऐतिहासिक संग्रालय निर्माण, प्रत्येक वडाहरुमा एक एक वटा अगुवा माध्यमिक विद्यालयको स्थापना, यिनीहरुको सशक्तिकरण एवम् सवलिकरण, उच्च शिक्षा एवम् प्राविधिक शिक्षालयको स्थापना र विकास, पत्येक वडाहरु वाड वासीहरुको घनत्वको चाप पुरा गर्ने गरि स्वास्थ्य संस्थाहरुको प्रवन्ध, जेष्ठ नागरिकको सम्मान र सुरक्षाको लागि प्रत्येक वाडमा जेष्ठ नागरिक केन्द्रहरुको स्थापना र संचालन गर्ने हाम्रो सपनामा हामी व्यवस्थित र योजनावद्ध ढंगले हामी प्रवेश चाहन्थ्यौं ।

हाम्रो आर्थिक, सामाजिक, शैक्षिक, भौतिक अवस्थाहरु हामी गाउँपालिकामा निर्वाचित भएर आउँदा अत्यन्त कमजोर अवस्थामा रहेकाले हाम्रा विगतका तीन वर्षहरु सबै क्षेत्रको न्युन अवस्थालाई एकिकृत रुपमा संतुलित ढंगले अगाडी बढाउनु पर्ने बाध्यात्मक अवस्थामा थियौं । स्वादिष्ट भोजन त्यसलाई आवश्यक पर्ने सामाग्रीहरु व्यवस्थापन पश्चात मात्र सम्भव छ । हाम्रा माथि उल्लेखित सपनाहरु पनि आधारभूत सबै क्षेत्रको सन्तुलित विकास पश्चात मात्र प्राप्ति हुन्छ । हामीले विगतका तीन वर्षहरु यहि प्राप्तिका लागि खर्च गरेका छौं । यस वर्ष बाँकी सम्पूर्ण आधारभूत विकासहरु सम्लंग्र विषयगत क्षेत्रहरुमा उल्लेख भए बमोजिमका कार्यहरु पूरा गरी अगाडी बढ्ने प्रयास गरि रहदाँ विगत वर्ष कोविड-१९को कारण लामो समय मानवीय सुरक्षाको लागि अबलम्बन गर्नु परेको पूर्व होसियारीबाट भएको बन्दाबन्दी एवम् यस वर्ष पनि कोविड-१९ दोस्रो भेरिएन्टबाट बच्न अपनाईएको सावधानिका कारण हाम्रा आफ्ना नियमित गतिविधिहरु सुचारु गर्न नपाउदा हाम्रा उदेश्य प्राप्तिमा पछाडी सर्नु परेको यथार्थका वीच फेरि पनि सकारात्मक र सृजनात्मक सोचका साथ हामी अगाडी बढीरहेको यहाँहरु सबैमा निवेदन गर्न चाहन्छु ।

## मौजुदा अवस्थाको आकलन

सभासद ज्युहरु,

प्रदेश नं. १ को प्रादेशिक राजधानी विराटनगरबाट नजिकको दुरीमा रहेर पनि मोरङ जिल्लाको समग्र विकास सुचाङ्कहरुमा पछाडी रहेको यस गाउँपालिका छोटो समयमा नै अन्य गाउँपालिकाहरुसंग तुलना गर्न योग्य भएको छ । हालको विकास निर्माणको सुचाङ्क, चेतना र शिक्षाको सुचाङ्क, आय आर्जनको अवस्था, स्वास्थ्य सेवाको पहुचको सुचाङ्क, गरिब लक्षित कार्यक्रमबाट भएको गरिबी उत्थानको अवस्था, महिला लक्षित कार्यक्रमहरु, युवा लक्षित कार्यक्रमहरु, साँस्कृतिक र धार्मिक उत्थानमा भएको उल्लेखनीय सफलतामा भएको तिब्र विकासलाई नागरिकको चौतर्फि विकासँग जोड्दै पेशा र व्यवसायमा आएको उल्लेख्य सुधारबाट यस गाउँपालिकाको सुनौलो भविष्यको संकेत आंकलन गर्न सकिन्छ । त्यसमा पनि उत्तर दक्षिण र पुर्व पश्चिम सडक संजालको विकासबाट भविष्यमा यस गाउँपालिका भित्र उत्पादन भएका सम्पूर्ण निर्यात जन्य बस्तुहरुको निकासी र आवश्यक वस्तुहरुको पैठारीमा सहजता आउनुका साथै कुनै प्रकारको जोखिमको अवस्थामा अत्यावश्यक सेवा प्रवाहमा सहजता पैदा भएको छ । "कृषि, शिक्षा, स्वास्थ्यमा उन्नति, पूर्वाधार विकास सहित धनपालथानको समुन्नति" भन्ने हाम्रो गत वर्षको नारा सार्थक हुदै गइरहेको छ ।

## नीति तथा कार्यक्रमहरु

- विगतमा छनौट भई अधुरा रहेका योजनाहरुलाई प्राथमिकतामा,राखी सम्पन्न गरिने छ।
- जनमुखि गौरवका आयोजना छनौट गरी दातृ निकायहरुको खोजी गरी लागत साझेदारीका आधारमा योजनाहरु अगाडी बढाईने छ ।
- गरिबीको रेखामुनि रहेका परिवारसंग गाउँपालिका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- ठुला ठुला गौरवको आयोजना तयार गरि प्रदेश सरकार र केन्द्र सरकारसंग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।
- बजेट तर्जुमाका सम्पर्ण प्रक्रियाहरु पुरा गरी सोहि बमोजिम योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नियम, निर्देशिका र निर्णयहरुको अधिनमा रहि योजना संचालन गर्दा तोकिएको समय सीमा भित्रमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।
- धनपालथान गा.पा.को गौरवका रुपमा संचालनमा ल्याईएको सरस्वती पब्लिक क्याम्पस दादरबैरिया धनपालथान–६ लाई संकायहरु थप गर्दै लैजाने र आवश्यक पूर्वाधार निर्माणमा जोड दिने निति अवलम्बन गरिनेछ ।
- धनपालथान गा.पा.को सबै वडाहरुलाई कालोपत्रे सडक संजालले जोड्दै, सडक सुरक्षा र सडक बत्तीलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- केन्द्र सरकारबाट निर्माणधिन हुलाकी सडक र उत्तर दक्षिण सडकको निर्माणमा भएको ढिलासुस्तीबाट यहाँका जनतालाई पर्न गएको असुविधा प्रति सचेत रहदै सम्बन्धित निकाय र निर्माण कम्पनिसंग समन्वय गरी गुणस्तरीय निर्माण र तोकिएको समय सीमा भित्रमा सम्पन्न गराउन सक्रियता पूर्वक पहल कदमि अगाडी बढाईनेछ ।
- प्रत्येक वडाहरुमा एक एक वटा ओभर हेड टंकीहरु निर्माण गरी सबै नागरिकहरुलाई स्वस्थ खानेपानी पिउन पाउने नैसर्गिक अधिकारको सुनिश्चितताको लागी सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- दैविक प्रकोप र विपतिको सामना गर्न प्रतिकार्य योजना तयार गरी प्रकोपमा कार्य गर्ने संघ सस्थाहरुको सहभागितामा दक्ष जनशक्ति सहितको सेवा सुविधा सम्पन्न टिम तयारी अवस्थामा राखिनेछ ।
- कोविड–१९ दोस्रो भेरिएन्ट र फेरी आउन सक्ने महामारीलाई मध्यनजर गर्दै यसको पूर्व तयारी र रोकथामका लागि बजेटको व्यवस्था मिलाईनेछ ।
- आम धनपालथान वासीको चाहनालाई सम्वोधन गर्दै एम्बुलेन्स खरिद र यसका लागी आवश्यक जनशक्तिको प्रवन्ध मिलाईनेछ ।
- बारुण यन्त्रको सेवा विभिन्न दातृ संघ संस्था, केन्द्र सरकार, प्रदेश सरकार र सरोकारवाला निकायहरुको समन्वय गरी सञ्चालनमा ल्याउने प्रयत्न जारी राखिने छ ।
- नेपाली सेना र गा.पा.को संयुक्त लगानीमा निर्माण गरिएको दानावती हटियाका टहराहरुलाई संरक्षण, व्यवस्थापन गरी अधिक्तम सदुपयोगको नीती लिइदै सो हटियाको खालि चौरमा एक रमणीय पार्क निर्माण गर्न सरोकार संघसंस्थानहरुको खोजि गरिनेछ ।
- धनपालथान माहाराजको मन्दिरलाई विगत वर्ष देखि नै संरक्षण गर्ने नीति बमोजिम निर्माण कार्यहरु सुचारु हुँदै आएको यसकोमा वृहत्तर विकासका लागि गाउँपालिका एवं दातृ निकायहरुसँगको समन्वय एवं साझेदारी गरि एतिहासिक धरोहरलाई धनपालबासीको गौरवको रुपमा विकास गर्दै लैजाने नीति अवलम्व गरिनेछ ।
- सिचाई सुविधा नभएका वडाहरुमा सिचाईका लागि डिप बोरिङ्ग जडान गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने नीति अवलम्व गरिनेछ ।
- पशुपालक किसानहरुको लागि विगत वर्ष देखिनै सुरुवात गरिएको नसल सुधार कार्यक्रमलाई उन्नत जातका ब्रीडहरु वितरणलाई प्राथमिकतामा राखि किसानको आय आर्जनमा जोड दिइनेछ ।
- पन्ध्र शैयाको आधारभुत अस्पताल निर्माणका लागि अगाडी बढाइएको श्री सरस्वती मा.वि.को पन्ध्र कठ्ठा जमिन आधारभुत अस्पतालको नाममा ल्याउन सम्बन्धित निकायहरुसँग अधिकतम प्रयास गरिनेछ । स्वामित्य हस्तान्तरणमा कानूनी समस्या सृजना भए वैकल्पीक जमिनको खोजी गरी निर्माण कार्यलाई तीव्रता दिइनेछ ।
- भारतीय सिमासँग जोडिएका यस गाउँपालिकाका तीन वटा वडाका सिमा सुरक्षामा खटिएका सुरक्षाकर्मिहरुको आवास, कार्यालय व्यवस्थापन, सि.सि. टि.भि, भेपर लाइट व्यवस्थापन एवं साधन र स्रोतको व्यवस्थापनमा विगत वर्ष देखिनै गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय कर्सिया हाटलाई दाताहरुबाट प्रदान भएको जमिनहरु मध्ये कतिपय दाताका सन्तानहरुबाट स्वामित्व खोजिएको वर्तमान अवस्थामा दाताहरुसँग छलफल गरी उपलब्ध गराई दिन अनुरोध गर्ने । यसो गर्दा पनि सम्भव नभए हटियालाई आवश्यक पर्ने जमिन खरिद गरि बजार संरचनालाई यथावत राख्ने नीति अख्तीयार गरिनेछ ।

## विषयगत आर्थिक विकास निति

### शिक्षा युवा तथा खेलकुद

- प्रत्येक वडामा माध्यमिक शिक्षाको पहुँच पुर्याउने उदेश्यका साथ सवै वडाहरुमा माध्यमिक विद्यालय संचालन गरिनेछ ।
- विद्यालयहरुलाई शैक्षिक उन्नयनका लागि प्रविधियुक्त आधुनिक विद्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

- शिक्षाको आधारभूत जगको रुपमा रहेको बालविकास केन्द्रहरुलाई बालबालिकाहरुको सर्वाङ्गीक विकास गराउने गरी व्यवस्थापन गर्दै मातृ विद्यालयमा गाभ्दै जाने र अन्य निकायबाट अनुगमन गरी प्रभावकारी बनाइनेछ ।
- प्रत्येक वडाका माध्यमिक विद्यालयहरुलाई लिड विद्यालयको रुपमा विकास गरी मातहतका आधारभूत विद्यालयहरुको निरिक्षण, अनुगमन र क्षमता विकासको जिम्मेवारी दिइने छ ।
- कक्षा १ देखि कक्षा १२ सम्मका सम्पूर्ण बालबालिकाहरुलाई निशुल्क पाठ्यपुस्तक र तोकिए अनुसारको छात्रवृति उपलब्ध गराइनेछ ।
- बाल विकास केन्द्र देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई पौष्टिक दिवा खाजाको प्रबन्ध मिलाईनेछ ।
- शिक्षक, बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरुलाई नियमित रुपमा समयमा नै तलब भुक्तानीको व्यवस्था मिलाईनेछ ।
- धार्मिक विद्यालयलाई थप अनुदान प्रबन्ध सहितको प्रोत्साहनको निति अवलम्बन गरिनेछ ।
- विद्यालयहरुको व्यवस्थापकीय सहयोगका लागि स्वीकृत अनुदानका साथै थप अनुदानको व्यवस्था मिलाउनेछ ।
- प्राविधिक तथा व्यावसायिक धार (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन छात्रवृत्रि उपलब्ध गराईने व्यवस्था मिलाईनेछ साथै विद्यालयमा हासिल गरेको ज्ञान र सीपलाई समुदाय स्तरमा फाईदा पुग्ने गरी परिचालनको निति अबलम्बन गरिनेछ ।
- उमेर पुगेका बालबालिकाहरुलाई वर्ष भरिनै निशुल्क सेनिटरि प्याडको व्यवस्था मिलाइनेछ ।
- शैक्षिक संस्थाहरुमा कोविड-१९ लक्षित स्वास्थ्य सामग्रीहरुको व्यवस्था मिलाईनेछ ।
- शुन्य दरबन्दी भएका (कक्षा ६ - ८) संचालित ४ वटा विद्यालय र (कक्षा ९ - १०) संचालित २ विद्यालयहरुलाई विषयगत शिक्षकको व्यवस्थापन गर्न २ शिक्षकको तलब अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- बालबालिकाको सर्वाङ्गीण विकासको लागि वर्षको एकपल्ट गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप र सांस्कृतिक कार्यक्रम संचालन गरिनेछ ।
- स्थानिय पाठ्यक्रमको रुपमा अंग्रेजी विषयको पठनपानको विगत वर्षको झै निति यस वर्ष समेत समावेश गरिनेछ ।
- कक्षा ८ र एस.इ.इ. पूर्व परीक्षा गाउँपालिका स्तरीय संचालन गरिनेछ ।
- विद्यालयका नियमित उपस्थित भई पठनपाठन गर्न नसक्ने र विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई लक्षित गरी संचालनमा रहेको खुल्ला विद्यालय श्री शिवशक्ति मा.वि.लाई अनुदान उपलब्ध गराईनेछ ।
- शिक्षा शाखा लाई स्रोतसाधन सम्पन्न बनाइनेछ । नविन प्रविधिको प्रयोगबाट विद्यालयसंग संचार र सम्बन्ध स्थापित गर्न सक्ने बनाईनेछ ।
- विज्ञ टोली मार्फत विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षको अनुगमन निरिक्षण गर्ने पद्धतिको विकास गरिनेछ ।

**स्वास्थ्य नितिः**

- विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९ को दोश्रो र तेश्रो लहर) को प्रभाव न्युनिकरण तथा रोकथामका लागि आवश्यक बजेटको व्यवस्था गर्दै अन्य निकायहरु सँग समन्वय र सहकार्य गरी आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।
- गाउँपालिकाका विरामीहरुको स्वास्थ्य संस्थासम्म ओसारपसारका लागि एम्बुलेन्स व्यवस्थापन गरिनेछ ।
- आवश्यकता अनुसार विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- विगत देखि संचालन भएको स्वयंसेविका कोषलाई एकीकृत गरी उक्त कोषलाई निरन्तरता दिइनेछ ।
- संघीय सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिदै गा.पा. अन्तर्गतका बर्थिङ सेन्टरहरुमा सुत्केरी हुने महिलाहरुका लागी दिईदै आएको थप रु.५००/- प्रोत्साहन रकमलाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य तथा सरसफाई सम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ ।
- सामुदायिक स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्ने नीति लिईनेछ । यस गाउँपालिकाको विपन्न घर परिवारहरुलाई साझेदारीको आधारमा स्वास्थ्य बीमा कार्यक्रममा अनुदानको व्यवस्था गर्ने नीति लिईनेछ ।
- यस गाउँपालिकाको स्वास्थ्य संस्थाहरुको पहुँच पुग्न नसकेका क्षेत्रहरुमा सामुदायिक आधारभुत स्वास्थ्य केन्द्र हाल वडा नं. ५ मा आधारभुत स्वास्थ्य केन्द्र स्थापना भइ संचालन भएकोमा स्वास्थ्य संस्थाहरुको पहुँच पुग्न नसकेका क्षेत्रहरुमा क्रमश गाउँघर क्लिनिक स्थापनाका लागि पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रमा कार्यरत ४५ जना स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन मासिक रु १००० यातायात खर्च उपलब्ध गराईनेछ ।
- मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- पूर्ण खोपको सुनिश्चिततालाई दिगो बनाइनेछ ।
- विद्यालयहरुमा किशोरीमैत्री विद्यालय कार्यक्रम संचालन एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- नेपाल सरकारद्वारा सुचिकृत निःशुल्क अत्यावश्यक औषधिहरुको स्वास्थ्य संस्थाहरु तथा बर्थिङ्ग सेन्टरबाट निरन्तर आपूर्तिको व्यवस्था गरिनेछ ।

- बालबालिका तथा किशोरकिशोरीहरुका लागि पोषण लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- गर्भवती अवस्थामा देखा पर्ने Pre-eclampsia/eclampsia लगायत बिभिन्न रोगहरुको, जटिलताबाट बचाउन यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था, बर्थिङ सेन्टर तथा गाउँघर किल्निकमा सेवा लिन आउने सम्पूर्ण गर्भवती तथा सुत्केरी महिलालाई निशुल्क रुपमा Calcium चक्की उपलब्ध गराईनेछ ।
- बृहत पोषण प्याकेज कार्यक्रम मार्फत यस गाउँपालिका भित्र रहेका ५ बर्ष मुनिका सम्पूर्ण बालिकाहरुको पोषणको अवस्थाको लेखा जोखा गरी कुपोषित बच्चाको पहिचान गरी OTC सेन्टर मार्फत उपचार गरिनेछ ।
- स्वास्थ्य सेवाबाट नियमित रुपमा संचालन हुदै आईरहेको कार्यक्रमको DHIS २ मार्फत रिपोर्टिङ सम्बन्धित स्वास्थ्य संस्थाबाटै गरिनेछ ।
- अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**कृषि विकास शाखा**

- स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण तथा विविधिकरणमा जोड दिई आयआर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिनेछन् ।
- वैज्ञानिक भू–उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साथै संघीय सरकारले निर्माण गर्ने भू–उपयोग नीतिको अवलम्बन गरिनेछ ।
- सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गराइनेछ।
- प्रमुख उत्पादन सामग्रीहरू (अर्गानिक मल, रासायनिक मल एवं बीउ विजन आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक वर्गकै माग अनुसारका तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।
- कृषि, बाली बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै प्राङ्गारिक खेती (ORGANIC FARMING) लाई प्रोत्साहन गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनालाई विस्तार गर्ने नीति लिईनेछ ।
- प्रदेश सरकारको नीति बमोजिम प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा संचालन गरीने एक स्थानीय तह एक उत्पादनलाई प्राथमिकता दिइनेछ ।
- हरेक वर्ष उत्कृष्ट किसानलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- सुख्खा जमिनमा सामुहिक सिचाईका उपकरण जडान गर्न अनुदानको व्यवस्था मिलाईनेछ।
- कृषि मेला तथा प्रदर्शनीलाई प्रोत्साहित गरिनेछ ।
- कृषि प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकास्थित कृषक समूहहरु दर्ता गर्न प्रोत्साहित गरी समुह कार्यको अनुगमन गरिनेछ ।
- मल्चिङ सेट प्लाष्टिक टनेलमा तरकारी खेती गर्न कृषकलाई ५० प्रतिसत अनुदान दिई प्रोतसाहन गर्ने निति लिईनेछ ।
- कृषकहरुको उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य अनुपातको सन्तुलित व्यवस्थापनका लागि पहल गरीने नीति लिइनेछ । साथै कृषि उपजहरुको भण्डारणका लागि कोल्ड स्टोर निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ । साथै व्यक्तिगत वा सामुहिक रुपमा कोल्ड स्टोर स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ ।
- धान, गहुँ, मकैको बिउमा ५० प्रतिशत अनुदानमा कृषकलाई उपलब्ध गराईनेछ ।
- अर्गानिक मलमा तरकारी धान खेती गर्न कृषकलाई प्रोत्साहित गरिनेछ ।
- लोपन्मुख हुन लागेको जुट खेती गर्न कृषकलाई निशुल्क बिउको व्यवस्था गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत प्रदेश सरकारबाट बोरिङ, बिधुतिय मोटर कार्यक्रम संचालन गरिनेछ ।

**रोजगार सम्बन्धी नीतिः**

- यस गाउँपालिकामा रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन आ.ब. २०७८/०७९ को लागि केहि बजेट समेत विनियोजन गरेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गर्नका लागि वडा मार्फत हुने बिकाश निर्माण तथा मर्मतका योजनाहरुमा लागत साझेदारी गरी पहल गर्न समेत अनुरोध गर्दछु ।

- स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूति गराइनेछ।
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरुको छनौटलाई प्राथमिकता दिइने छ ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्रहरु विस्तार गरिनेछ।
- श्रम सम्बन्धि क्रियाकलापलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकास्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि प्राथमिकता दिइनेछ।
- साथै यस कार्यक्रमलाई अपनत्व प्रदान गरी प्राथमिकताको आधारमा राख्न समेत अनुरोध गर्दछु ।

## उर्जा, बिधुत तथा बिपद व्यवस्थापन

- **विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरीने छ । विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवद्र्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाईं निरन्तरता दिईनेछ ।**
- **विद्युत विस्तार हुन बाँकी ठाउँमा विद्युतीकरणका लागि विद्युत प्राधिकरणसँग पहल गरिनेछ । उक्त ठाउँहरुमा विद्युत कार्यालयसँग समेत साझेदारी कार्यक्रम संचालन गरिनेछ।**
- **मुख्य सडकहरुमा सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँगको सहकार्यमा संचालन गरिनेछ।**
- **फोहर व्यवस्थापन र वातावरण संरक्षणका लागी जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।**
- **बिपद व्यवस्थापनलाई प्रभावकारी बनाउन समयानुकूल कानून बनाई कार्यन्वयनमा ल्याईने छ ।**
- **फोहोर व्यवस्थापनका लागी ल्यान्ड फिल्ड साईट को व्यवस्थापन गरिने छ ।**

## महिला विकास, लैंगिक समानता र समावेशिकरण

- जेष्ठ नागरीक एकल महिलाको सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाले अन्य संस्थाको सहकार्यमा जेष्ठ नागरीक,एकल महिला सम्मान गर्ने तथा ज्येष्ठ नागरीक केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।
- वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा वालवालिका लक्षित विभिन्न शैक्षिक, सामुदायिक तथा गैर सरकारी संघ संस्थाको सहकार्य र समन्वयमा समेत जोड दिइनेछ ।
- महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सीपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिलासँग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोड दिइनेछ
- आदिवासी, जनजाती, दलित, मुस्लिम समुदाय पछाडी परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ।
- वडा सभा मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरीक, दलित) का कार्यक्रमहरु वडास्तरीय साथै गाउँपालिकास्तरीय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- अपाङ्गता भएका नागरीकको संरक्षण र विकासको लागि अन्य संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणाली मार्फत स्थानीय स्तरमा वितरण हुने व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- लैंगिक हिंसामा परेका व्यक्तिहरुलाई सहयोग गर्न कोष स्थापना गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई पुनर्स्थापना गर्नका लागी प्रदेश सरकार, बिभिन्न संघ संस्थाहरुको सहयोगमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- अपाङ्गता भएकाहरुलाई सरल र सहज रुपमा परिचय पत्र बितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- हिंसा पिडित महिला तथा पुरुष, असाहय, सिमान्तकृत बर्ग, अपाङ्गता भएका व्यक्तिहरुलाई कानूनी सेवा प्रदान गरिनेछ ।
- टोल बिकाश संस्था गठन गरिनेछ ।

**पशुपंछि सेवा शाखा**

- व्यवसायिक पशुपालन व्यवसायमा जोड दिइनेछ ।
- युवालक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।
- नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासबाट कृषकमा आय आर्जन गरी आम्दानी बढाउन विभिन्न साझेदार संस्थाको सहभागितामा कार्यक्रम सन्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- स्थानीय बजारमा मासु पसलका लागि बधशाला निर्माण गर्न प्रोत्साहन गरिनेछ ।
- पशुपंछी पालन सम्बन्धी आवश्यक तालिमहरु संचालन गरिनेछ ।
- पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घाँसका विउ तथा विरुवा वितरण गरीदै लगिनेछ ।
- पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्द खोप सेवा संचालन गरिनेछ ।
- प्रत्येक वडामा वर्षमा १ पटक वडा कार्यालय समेतको साझेदारीमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- पशु पंक्षी विकास शाखामा वेसिक ल्याव स्थापनाको कार्यलाई अगाडि वढाई निशुल्क उपचारको व्यवस्था गरिनेछ ।
- एकल महिला उथ्थान कार्यक्रम संचालन गरि आत्मनिर्भरतामा जोड दिईने छ ।

## पुर्वाधार बिकाश क्षेत्र

**क. सडक तथा पुल**

- धनपालथान गाउँपालिकाको विकासको मेरुदण्डको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- विगतमा स्तरोन्नति भईसकेका र लामो दुरीका सडकहरुलाई कालोपत्रेको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गाउँपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ ।
- कच्ची सडकहरु प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछ्याउने काम गरिनेछ ।
- विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिनेछ ।
- उपरोक्त कामका लागि निम्न बमोजिम बाटोको चौडाई निर्धारण गरीएको छ ।

| | |
|---|---|
| कालो पत्रेको लागि न्युनतम चौडाई | ४० फुट |
| स्तर उन्नतिको लागि न्युनतम चौडाई | ३० फुट |
| ग्राभेलको लागि न्युनतम ,चौडाई | २० फुट |

(विद्यमान परिस्थितिलाई ध्यानमा राखी उक्त नीतिलाई गाउँपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । )

- उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा विगतदेखिको लागत वा श्रम सहभागितालाई निरन्तरता दिइनेछ ।
- निर्माणाधिन ठुला पुल, कल्भर्ट सम्पन्न गर्न सम्बन्धित निकायमा ध्यानाकर्षण गरिनेछ।
- साना तीना कल्भर्ट निर्माणको लागि गाउँपालिकाबाट बजेटको व्यवस्था गरी प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिनेछ।
- ह्युमपाईपको अभावमा बाटाहरुमा आवागमनमा समस्या रहेकोले ह्युमपाईप खरिद गरी क्रमशः आवश्यकता पुरा गर्दै लगिनेछ ।
- आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवं गुणस्तर कायम राख्न अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गरिनेछ । साथै अन्तिम भुक्तानी तथा फरफारकका लागि अनुगमन समितिको सिफारिस तथा रु ३००००० /- लाख भन्दा माथिको योजनामा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।
- तीन लाख भन्दा माथिका लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होर्डिंग बोर्ड) अनिवार्य राख्नुपर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरिय योजनाहरुमा मापदण्ड अनुसारको चौडाईमा मात्र निर्माण गरिनेछ ।
- विगतमा लागू भएको उपभोक्ता समितिहरुबाट ब्यहोर्नु पर्ने जन सहभागिताको प्रतिशत यथावत कायम राखिनेछ ।
- कुनै पनि योजना संचालन गर्दा कार्य तालिकाको आधारमा कार्यन्वयन गरिनेछ ।
- ठेक्का प्रक्रियाबाट संचालन हुने योजनाहरुमा खरिद ऐन र नियमावलीलाई कडाईका साथ पालना गरिनेछ ।
- एक वडा बाट अर्को वडा जोड्ने सडकहरुमा गा.पा. र वडा स्तरीय सिलिङ बजेटको संयुक्त लगानीमा योजना संचालन गरिनेछ ।

**ख. भवन तथा शहरी विकास**

- गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीति लिईनेछ ।

- यस गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अन्तरगत अभिलेखिकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।
- गाउँपालिकाको नक्सांकन र व्यवस्थापनवाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, वस्तीको नामाकरण, जनसंख्या कार्ड, शौचालयको अवस्था, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडी बढाईनेछ साथै जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ ।
- अव्यवस्थित रुपमा सार्वजनिक स्थल, सडक तथा खोलाका किनाराहरुमा जोखिम रुपमा बसोबास गरीरहेका अव्यवस्थित बसोबासलाई जग्गा व्यवस्थापन गरी एकीकृत वस्ती योजना निर्माणमा पहल गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी प्रदेश तथा संघीय सरकारसँग बजेट व्यवस्थाका लागि पहल गरिनेछ । साथै अन्य सामाजिक संघसंस्थाहरुको भवन निर्माणमा आवश्यक सहयोग गर्ने नीती लिइनेछ ।
- नेपाल रेडक्रस सोसाईटि उपशाखाको निर्माणाधिन भवनको निर्माण सम्पन्नका लागि अन्य निकायहरुसँग सहयोगका लागि आवश्यक पहल गरिनेछ।
- भवन निर्माण सम्बन्धमा आचार संहिता बनाई कडाईका साथ लागू गरिनेछ ।

**सूशासन तथा संस्थागत विकास**

- जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।
- आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र गाउँवासीलाई छिटो, छरितो, सरल र प्रभावकारी ढंगले सेवा सुविधा उपलब्ध गराउन सकिन्छ भन्ने विश्वासका साथ गाउँपालिकामा व्यवस्थित र प्रणालीगत प्रशासनिक संरचनाको निर्माण सहित कर्मचारीहरुको व्यवस्था गरी प्रभावकारी कार्य विभाजनलाई सुनिश्चितता गरिनेछ । साथै योग्यता, क्षमता र उत्कृष्टताको आधारमा कर्मचारी व्यवस्थापन गरिनेछ ।
- अनुभवी, क्षमतावान र स्वयं उत्प्रेरित कर्मचारी विना गाउँवासीले चाहेजस्तो प्रभावकारी र अनुभूतिजन्य सेवा प्रवाह गर्न समस्या पर्ने भएकाले प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त वनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने तथा अनुशासनहिन काम र गल्ति गर्ने कर्मचारीलाई सचेत गराउदै निरुत्साहित, दण्डित गरीने नीति अवलम्बन गरिनेछ ।
- वडा कार्यालयहरुको आवश्यक संस्थागत विकासमा जोड दिइनेछ ।
- गाउँपालिकावाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइनेछ ।
- विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप स्थानीयवासीले सम्भव भएसम्म सेवा सुविधा घरदैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि वडास्तरवाट सम्पादन हुने कार्यलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- वडा कार्यालय संचालनका लागि निश्चित सिलिङ्ग सहितको बजेट व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी वनाउने नीति लिईनेछ ।
- गाउँपालिका भित्रको सवै विवरण दुरुस्त राख्न गाउँ डिजिटल प्रोफायल तयार गरिनेछ ।
- प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी विचमा आपसी अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।
- प्रभावकारी वित्तिय व्यवस्थापनका लागि शुन्य र विधुतिय भुक्तानीमा आधारित लेखाप्रणाली व्यवस्थित गरिनेछ ।

**राजस्व नीति**

- आन्तरिक आय तथा राजश्वलाई दीगो एवं भरपर्दो बनाउन करको दायरालाई फराकिलो बनाइने नीति लिईनेछ ।
- गाउँपालिकाले राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन नियममा भएको व्यवस्थालाई अवलम्बन गरिनेछ ।
- करको दायरालाई फराकिलो बनाई दरलाई समयसापेक्ष समायोजन गर्दै लगिनेछ । साथै करको चुहावटलाई नियन्त्रण गरिनेछ ।
- दिगो श्रोत व्यवस्थापन गर्न नया" श्रोतको पहिचानका लागि सम्भाब्यता अध्ययन गरीनेछ ।
- करमैत्री वातावरण श्रृजना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघसंस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या बढाइनेछ ।
- दोहोरो कर प्रणाली हटाई एकद्धार प्रणालीबाट कर, राजश्व संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।
- विगतका वर्ष देखि एकीकृत सम्पत्ति कर लागू गर्ने उल्लेख भएपनि संघीय सरकारको बजेटबाट भएको व्यवधान तथा गाउँपालिकाको आन्तरिक तयारी न्यून भएको कारण विगतदेखि नै प्रचलनमा रहेको मालपोत (भुमि कर) तथा धुरीकर नै असुल उपर गरिनेछ ।
- कानूनबमोजिम बाहेक कर, राजश्व संकलन गरीने छैन ।

**पर्यटन विकास**

- यस गाउँपालिका भित्र निर्माण गर्न सकिने नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवद्र्धन गर्न विस्तृत अध्ययन र पूर्वाधार विकासमा आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक पर्यटन प्रवर्दन गर्ने कार्यलाई अगाडी बढाइनुका साथै गाउँ क्षेत्रभित्रमा महत्व राख्ने संस्थागत मठ मन्दिर, मस्जिदहरुको संरक्षण लगायत भौतिक पूर्वाधार विकास गरी पर्यटकीय गतिविधि अघि बढाईने छ ।

**उद्योग विकास**

- दर्ता नभई संचालनमा रहेका उद्योग व्यवसाय भए दर्ताको दायरामा ल्याइनेछ ।
- स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ ।
- संघीय सरकारले अघि सारेको निजी क्षेत्रसँगको सहभागितामा उद्योगग्राम स्थापनाका लागि सहजीकरण गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रमा संचालित घरेलु उद्योगहरुलाई आवश्यक सीप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरीने साथै सीप र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।

**सहकारी विकास**

- सहकारीको दर्ता तथा अनुगमन गर्ने दायित्व गाउंपालिकाको क्षेत्राधिकारभित्र परि हस्तान्तरण समेत भै सकेकोले यस गाउँपालिकामा रहेका सवै सहकारीहरुको विवरण अद्यावधिक गर्ने र सहकारी ऐन तथा नियमावली निर्माण प्रकृयालाई अघि बढाइने साथै नियमन र अनुगमन कार्य लाई प्रभाबकारी वनाउने नीति लिइने छ ।
- एक सहकारी एक उत्पादन अभियानमा सहकारीहरुलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरुमा साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिनेछ ।
- सहकारीलाई आवश्यक सीप क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।
- बचत तथा श्रृण कारोवार नगर्ने कृषि सहकारी स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ ।

**संस्कृति**

- लोपोन्मुख भाषा, धर्म, संस्कृतिको संरक्षणमा सहयोग गरिनेछ । साथै जातीय मठ, मन्दिर, गुम्बा, मस्जिद, दिनाभद्री, धनपाल महाराजथानको प्रवर्धन र पूर्वाधार निर्माण तथा मर्मत सम्भारमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**सञ्चार**

- स्थानीय पत्रपत्रिका तथा संचार माध्यमलाई विज्ञापन तथा सूचनाहरु प्राथमिकताक्रम अनुसार उपलब्ध गराइनेछ ।
- गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको **WEBSITE** र **MOBILE APPS** को माध्यम बाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- गा.पा. अन्तर्गतका प्रत्येक मा.वि. विधालयका ५ जना विधार्थीहरुलाई १५ दिने आधारभुत कम्प्यूटर तालिम दिईनेछ ।
- सूचना प्राविधि शाखा व्यवस्थापन गरिनेछ ।
- सूचना प्रविधि सम्वन्धि तालिम, सेमिनार, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रम संचालन गरिनेछ।
- सभाहलमा तालिम गोष्ठि जस्ता कार्यक्रम गर्न प्रोजेक्टर लगायत अन्य प्राविधिक समानको व्यस्थापन गरिनेछ ।
- सूचना प्रविधि संग सम्बन्धि नयाँ प्रविधि (हार्डवेयर) तथा सफ्टवेयरको व्यवस्था गरिनेछ ।
- ७ वटै वडा कार्यालयमा केन्द्रीकृत सिफारिस तथा प्रमाणपत्र व्यवस्थापन प्रणालीको व्यवस्था गरिनेछ ।

**खानेपानी, सरसफाई तथा ढल निकास शाखा**

- जीवनका लागि पानी भन्ने मूल नारालाई निरन्तरता दिई सबैको लागि स्वच्छ खानेपानीको पहुच अभिवृदि गर्न खानेपानीको जाँच गरिनेछ । खानेपानी आयोजनाहरुको सञ्चालन र विस्तारलाई प्रभावकारी बनाईने छ ।
- गाउँपालिकाका सबै गाउबासीलाई खानेपानीको सुविधा पुरयाउन, हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण, पाईप लाईनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नया खानेपानी आयोजना निर्माणमा संघीय सरकार र प्रदेश सरकार सँग बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।
- मिति २०७५।०८।०५ गते यस गाउपालिकालाई खुल्ला दिशाभुक्त घोषणा गर्न सफल भएकोमा उक्त घोषणालाई दिगोपना कायम गर्न पोष्ट आ.डी.एफ को कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ । उक्त

लक्ष्यलाई मुर्तरुप दिन सरकारी, गैर सरकारी, निजी क्षेत्र, नागरिक समाज संचारकर्मी समेतको सहयोग र सहकार्यमा अभियानको रुपमा अगाडी बढाउने नीति लिइने छ ।

- बैज्ञानिक फोहरमैल व्यवस्थापन गर्न जनचेतना अभिवृदिका लागि सरसफाई अभियान संचालन गरिने छ । साथै बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि गाउँपालिका निजी क्षेत्र र स्थानीयबासीको सहकार्यमा नीती निर्माण गरी कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र बढ्दो फोहोरमैला उत्सर्जन व्यवस्थापन गर्न आवश्यक विशेष सरसफाई अभियान कार्यविधी बनाई लागु गरिने छ । जथाभावी फोहरमैलाको दीर्घकालिन व्यवस्थापान र जथाभावी फोहोरमैला फाल्नेलाई आवश्यक कार्वाही गरिने छ र प्रवधर्नात्मक, दण्डात्मक अभियानलाई तिव्रता दिईने छ ।
- नेपाल सरकारबाट जारी भएको फोहोरमैला व्यवस्थापन ऐन २०३८ लाई कडाइका साथ कार्यान्वयन गर्न कार्ययोजना बनाइने छ ।
- खानेपानी तथा सरसफाईका कार्यक्रमको लागि साझेदार संस्थासँग संहकार्य गर्ने नीती लिईने छ ।

सदस्य ज्यूहरु,

धनपालथान गाउँपालिकाको आठौं ऐतिहासिक गाउँसभा सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनु हुने विभिन्न विषयगत शाखाका सम्वद्ध कर्मचारी लगायतका सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरीक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, विकास निर्माण उपभोक्ता समितिमा रही कार्य गर्नुहुने सम्पूर्ण महानुभावहरु, निर्माण व्यवसायीहरु, पत्रकार मित्रहरु लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण गाउँवासी दाजुभाई दिदी वहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, १ नं. प्रदेश सरकार, विकास साझेदारहरु, दातृ समुदाय, गा.पा. कर्मचारीहरु, मतदाताहरु, सम्पूर्ण बुद्धिजीविहरु, प्रत्यक्ष परोक्षरुपमा सहयोग पुर्याउनुहुने महानुभावहरुमा आगामी दिनहरुमा पनि यहाँहरुको सहभागिता, सहयोगको अपेक्षा समेत गर्दछु ।

अन्त्यमा, यस धनपालथान गाउँपालिकाको स्थानीय तहको गाउँसभामा पेश गरीएको नीति तथा कार्यक्रमले धनपालथान गाउँपालिकाको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्कनेछ भन्ने शुभेच्छा, आशा एवं विश्वास प्रकट गर्दै यस गरीमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सु–अवसर दिनुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ! धनपालथान महाराजले हामी सवैको कल्याण गरुन्

श्री हरिलाल सिंह
अध्यक्ष
धनपालथान गाउँपालिका

# धनपालथान गाउँपालिकाको आठौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री नसिमा वानोबाट प्रस्तुत

## आर्थिक वर्ष २०७८/०७९ को आय तथा व्यय


**धनपालथान गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

सोरभाग, मोरङ्ग

प्रदेश नं. १

**श्रद्धेय सभाध्यक्ष एवं गाउँपालिका अध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्यहरु**

धनपालथान गाउँपालिका, गाउँसभा आठौं अधिवेशनका अध्यक्ष तथा गाउँपालिका अध्यक्ष ज्यू, माननीय प्रमुख अतिथि ज्यू, गाउँसभामा उपस्थित गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विभिन्न राजनितिक दल तथा स्थानीय सुरक्षा निकायको प्रतिनिधित्व गर्दै गाउँसभामा उपस्थित हुनु भएका प्रमुख ज्यूहरु र विशिष्ट महानुभावहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, उपस्थित पत्रकार साथीहरुमा हार्दिक अभिवादन गर्दछु।

धनपालथान गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस आठौं गाउँसभा समक्ष आगामि आर्थिक वर्ष २०७८/७९ को आय तथा व्ययको विवरण प्रस्तुत गरि रहँदा अत्यन्त खुसि भएको छ। यस महत्वपूर्ण अवसरमा राष्ट्रियता, सामाजिक न्याय, सामाजिक रुपान्तरण, समानता र समृद्धि तथा संघिय शासन प्रणाली स्थापित गर्नका लागि जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु। र यो महान उपलब्धिका लागि संघर्ष गर्नु हुने महान नेपालीहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु। साथै यस विश्वव्यापी माहामारीका करहले गर्दा संक्रमित भई अकालमै देहत्याग गर्नुहुने सम्पूर्ण मृत्युवरण हुने सम्पूर्णमा हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु।

**"कृषि, शिक्षा, स्वास्थ्यमा उन्नति, पूर्वाधार विकाससहित धनपालथानको समुन्नति"** भन्ने मुल नारालाई आत्मासाह गरि गाउँपालकि बासिलाई परिवर्तनको अनुभुति दिलाउने गरि गाउँपालिका अघि बढि रहेको छ।

**धनपालथान गाउँपालिकाको चालु वर्षको बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्न आधारहरु प्रस्तुत गर्न अनुमति चाहान्छु :**
चालु वर्षको बजेट तर्जुमा निर्माणको क्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था, पन्धौं राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयवाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्फवाट समय समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु, राजश्व परामर्श समितिवाट प्राप्त सुझावका आधारमा संम्भव भएसम्म जन चाहनालाई समेट्ने अभिप्रायका साथ प्रस्तुत बजेट तयार गरिएको छ।

**अव म आ.व. २०७८/०७९ का लागि अनुमानित गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

गाउँपालिकाको लागि नेपाल सरकारवाट प्राप्त वित्तीय समानिकरण अनुदान रु. १३ करोड २९ लाख, संघिय सरकारबाट राजश्व वाँडफाडवाट प्राप्त रकम रु. ८ करोड २३ लाख ३० हजार, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. ७७ लाख ७५ हजार, प्रदेश सरकारवाट प्राप्त राजश्व वाँडफाड तर्फ सवारी साधान कर बापत प्रापत रु.४७ लाख ५५ हजार ७९० र आन्तरिक आय स्रोत वापत रु. २ करोड ५० लाख र नेपाल सरकारवाट प्राप्त सर्शत अनुदान रु. २० करोड ८५ लाख, प्रदेश सरकारवाट प्राप्त सर्शत अनुदान रु. १७ लाख ५२ हजार गरी कुल गरी कुल जम्मा ४८ करोड १५ लाख १२ हजार ७ सय ९० को आय अनुमान गरिएको छ।

आ.व २०७८/७९ मा संघिय सरकारबाट प्राप्त अन्तर सरकारी वित्तीय हस्तान्तरण सामाजिक सुरक्षा अनुदान, एल.जि.सि.डि.पी कार्यक्रम, तराई मधेस सम्वृद्धि, महिला तथा बालबालिका विकास, गरिबसंग विशेश्वर कार्यक्रम, नेपाल सरकारवाट प्राप्त हुने अन्य सर्शत अनुदान र सडक बोर्डवाट प्राप्त हुने रकम र जनसहभागिताको रकम, प्राकृतिक स्रोत साधन वाँडफाँड रकम लगायतको अङ्क हालसम्म जानकारीमा नआएका कारण बजेटमा समावेश गर्न सकिएको छैन। यो रकम प्राप्त हुन आएमा तत् समय तत् विषयमा विनियोजन गरिने समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

साथै आर्थिक वर्ष ०७७/७८ मा हाल संचालनमा रहेका योजनाको अन्तिम फरफारक हुन बाँकी रहेको र विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को कारण तथा विविध कारणले सन्चालन हुन नसकेका नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान बाहेकका वडास्तरीय, गाउँपालिका स्तरीय, विषयगत शाखाहरु तथा वोलपत्रद्वारा कार्य प्रकृयामा रहेका योजना तथा कार्यकमलाई आ.व. ०७८/०७९ मा समावेश गरी निरन्तर रुपमा कार्यान्वयन गर्न प्रस्ताव गर्दछु।

**चालु वर्षको बजेटका निम्न उद्धेश्यहरु रहेका छन्**

- कोरोना विरुद्ध आवश्यक कियाकलाप सञ्चालन गर्ने ।
- पूर्वाधारको विकास गर्ने ।
- कृषिमा विविधिकरण
- गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधिमैत्री बनाउने ।
- लक्षित वर्गको सशक्तिकरण गर्ने ।

**यी उद्धेश्य पुरा गर्न चालु आ.व.का प्राथमिकताहरु**

- कोरोना संकमण रोकथामका लागि व्यवस्थापनका लागि आवश्यक कियाकलाप सञ्चालन
- सडक पूर्वाधार निर्माण र स्तरोन्नती
- कृषि पर्यटन प्रबर्द्धन तथा कृषि प्रविधिको आधुनिकिरण
- वातावरण संरक्षण
- रोजगारीको अवसरमा बृद्धि
- पर्यटकीय गन्तब्यहरुको उजागर गरी आर्थिक उपार्जनसँग जोड्ने ।
- सामाजिक क्षमतामा बृद्धि
- सेवा प्रवाहमा प्रभावकारीता
- सुशासनमा जोड

बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वय गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक स्रोत साधन एवं बजेट माग गरिनेछ ।

**व्यय तर्फको अनुमान तपसिल अनुसार प्रस्ताव गर्दछु ।**

१.यस गाउँपालिका भित्रका आर्थिक महत्व र गाउँपालिकाबाट गौरवको आयोजना ७ वटा सडकहरुको निर्माण कार्य कमागत रुपमा अगाडि बढाउन तपसिलका योजनाहरुको लागि रु. ६ करोड ४५ लाख विनियोजनको प्रस्ताव गरिएको छ ।

क) कदमाहा नोचा सडक कालोपत्रेका लागि रु १ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

ख) कर्सिया पानीटंकी कालिका प्रा.वि. हुँदै फुटानी चौक जोड्ने सडक कालोपत्रेका लागि रु. ७५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

ग) शारदा स्कुल दक्षिण हर्कपुर हुँदै लखनतरी आनन्द चोक सम्मको सडक कालोपत्रेको लागि रु. ७५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

घ) भङ्गा पुल देखि उत्तर जाने सडक कालोपत्रेको लागि रु. ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

ङ) मायागञ्ज वेतौना सडक कालोपत्रेको लागि रु. १ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

च) लक्ष्मीमार्ग गणेशबैठाको घरदेखि लखन्तरी हुँदै कुशमाहा जोड्ने सडक कालोपत्रेको लागि रु. ७० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

छ) नोचा अमाही सडक कालोपत्रेको लागि रु. ७५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२.शिक्षातर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गा.पा.बाट विद्यालयको भौतिक पूर्वाधार र विद्यालय व्यवस्थापनको लागि एकमुष्ट रु. ८० लाख विनियोजनको प्रस्ताव गरिएको छ ।

३.स्वास्थ्य तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरित्त गाउँपालिकाबाट स्वास्थ्य नीतिहरुको कार्यान्वयनको लागि रु. ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

४.कृषि तथा सिंचाईमा नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

५ पशुपंक्षी सेवातर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ३० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

६.महिला तथा बालवालिका तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

७. उर्जा तथा वातावरण शाखा तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

८. रोजगार सेवा केन्द्र तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ४ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

९. सूचना प्रविधि शाखाको लागि रु. ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१०. धार्मिक तथा सांस्कृतिक कार्यकममा सहयोगका लागि रु. २५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

११. अपाङ्गता रोकथान तथा पुनः स्थापना साझेदारी कार्यकमको लागि रु. २३ लाख ५२ हजार विनियोजन प्रस्ताव गरिएको छ ।

१२.वारुणयन्त्र खरिद साझेदारीमा रु. ३० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१३. न्यायिक समितिको कार्यक्रमको लागि रु. १५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१४. लक्षित वर्गका कार्यकमको लागि रु. १४ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१५. सरस्वती पब्लिक क्याम्पसमा क्यान्टिन निर्माणका लागि रु. १० लाख विनियोजन प्रस्तावन गरिएको छ ।

१६. वडा स्तरीय (वडा नं. १, २, ३, ४, ५, ७) का लागि रु. १ करोडका दरले रु ६ करोड र वडा नं. ६ का लागि रु. १ करोड २० लाख गरि जम्मा रु ७ करोड २० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१७. संचालन खर्च प्रशासनिक तर्फ रु. १० करोड १ लाख ८ हजार ७ सय ९० विनियोजन प्रस्ताव गरिएको छ ।

१८. सशर्त अनुदानमा तोकिए वमोजिमका शिर्षकहरुमा सोही शिर्षकमा खर्च हुने गरि रु. २१ करोड २ लाख ५२ हजार विनियोजन गरिएको छ ।

अन्त्यमा यस सुन्दर धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक धनपालथान गाउँपालिकाको विकास, सम्वृद्धिका लागि निरन्तर सद्भाव र सहयोग गर्नु हुने सम्पूर्ण गाउँबासि महानुभावहरु, कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी, सामुदायीक संस्था, नागरिक समाजका अगुवाहरु लगायत सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयमा साथ सहयोगको अपेक्षा गरेको छु । आगामी दिनमा पनि यहाँहरुको सकिय र सार्थक सहभागिताले यस गाउँपालिकाको समग्र विकासमा टेवा पुग्छ भनि आशा गर्दै बजेट व्यक्तव्य अन्त्य गर्दछु ।

**धन्यवाद ! जय धनपालथान**

**नसिमा वानो**
**उपाध्यक्ष**
**धनपालथान गाउँपालिका**